रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ रामग्राम, बैशाख १२ गते, २०७८ साल संख्या २

**भाग-२**

## कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्याविधि, २०७८

**नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८।०१।१२**

**प्रस्ताव:** परम्परागत कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधि अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यावसायीकरण मार्फत औद्योगिकरणको निमित्त कृषकहरूलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरूप कृषि प्रविधिलाई सरल र सहजरूपमा कृषक समक्ष पुऱ्याउन कृषकहरूको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा ११ को उपदफा (२) (१) (ण) (१), (द) (१), (द) (५) नियमन गर्न **"कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८"** तयार गरी लागू गरिएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम "कृषक समूह गठन तथा परिचालन सम्बन्धी कार्याविधि, २०७८" हुनेछ ।
यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरून्त लागु हुनेछ ।

ख. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

ग. "समूह" भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरूको समूहलाई बुझाउनेछ ।

घ. "कृषि" भन्नाले रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ को दफा

२ (च) बमोजिमका कार्यहरूलाई जनाउनेछ ।

ङ. “कृषि व्यवसाय” भन्नाले रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ को दफा २ (ञ) बमोजिमका ब्यावसायिक कार्यहरूलाई बुझाउनेछ ।

च. “नगरपालिका” भन्नाले रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय रामग्रामलाई जनाउनेछ ।

छ. “शाखा” भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामग्रामको कृषि विकास शाखा र पशुपन्छी सेवा शाखालाई जनाउनेछ ।

ज. “अध्यक्ष” भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको अध्यक्षलाई जनाउनेछ ।

झ. “उपाध्यक्ष” भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको उपाध्यक्षलाई जनाउनेछ ।

ञ. “सचिव” भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समूहको सचिवलाई जनाउनेछ ।

ट. “सदस्य” भन्नाले यसै निर्देशिका बमोजिम कृषक समूहको सदस्यलाई बुझाउनेछ ।

ठ. “सेवा केन्द्र” भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको लागि कृषकहरूले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेको कृषि वा पशुपन्छी शाखाको इकाई कार्यालयलाई बुझाउनेछ ।

ड. “कार्यालय प्रमुख” भन्नाले रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

ढ. “शाखा प्रमुख” भन्नाले रामग्राम नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सम्बन्धित कृषि वा पशु सेवा शाखालाई बुझाउनेछ ।

ण. “बैठक” भन्नाले कृषक समूहको मासिक रुपमा नियमित वा आकस्मिक बस्ने बैठकलाई बुझाउनेछ ।

## परिच्छेद २
## कृषक समूह गठनको उद्देश्य :

स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोके बमोजिमका विभिन्न कृषि तथा पशुपन्छी सम्बन्धी कार्यहरूको सम्पादनका लागि कृषकहरूका वीच गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन, कृषकहरूको कृषि सम्बन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न, कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पूँजीको विकास लगायतका कार्यहरू मार्फत कृषिको व्यवसायिकरणका निमित्त सञ्चालन गरिने कृषि विकास कार्यक्रमहरूमा सेवा प्रवाहका लागि कृषक समूह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समूह गठन गर्नु आवश्यक रहेको छ । यस निर्देशिका बमोजिम गठन हुने समूहको उद्देश्य तथा कार्यहरू निम्न अनुसार छन् :

१. समूह सदस्यहरूको बसोबास रहेको भौगोलिक गाउँ टोल क्षेत्रको जलवायु सुहाउदो पशुपन्छीपालन तथा वालीनालीहरूमा व्यवसायीकरण र विविधिकरणका नयाँ प्रविधि अपनाउदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
२. समूहमा उन्नत वीउ विजन तथा रासायनिक मल लगायत कृषि तथा पशुपन्छीजन्य उत्पादन सामग्रीहरूको व्यवस्थापन गर्ने ।
३. खेतीयोग्य जमिनमा सिंचाइको व्यवस्थापन गर्ने ।

४. प्राङ्गरिक उत्पादनमा जोड दिने ।
५. कृषि सामग्री तथा कृषि उपजहरूको बजारीकरणका कार्यहरू गर्ने ।
६. कृषि उत्पादन प्रवर्द्धन, प्रशोधन र बजारीकरण एवं पशु प्रजननका कार्यहरू, पशु आहारा, पशु स्वास्थ्य र पशु तथा पशुपन्छी बजारीकरणका पशु सेवा प्रविधिको प्रचार प्रसारका कार्यहरू गर्ने ।
७. गोठ तथा भकारो सुधार गर्ने ।
८. मौरी पालन तथा च्याउ खेती गर्ने ।
९. बेमौसमी तथा मौसमी तरकारीहरूको उत्पादन र बजारीकरण गर्ने ।
१०. नयाँ प्रविधिहरूको परीक्षण गर्ने ।
११. सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरूसँगको साझेदारी र सहकार्यमा कृषि विकास सम्बन्धि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।
१२. जैविक विविधताको संरक्षण, सम्बर्द्धन र विकास गर्ने ।
१३. कृषि वन वातावरण सरक्षण सम्बर्धन र विकासका सबै कार्यक्रमहरू सञ्चालन गर्ने ।
१४. मासिक बचत र परिचालन गर्ने ।
१५. डेरी तथा मासु पसल सञ्चालन तथा व्यवस्थापन गर्ने ।
१६. विभिन्न वालीबस्तुको बीउ तथा बेर्ना उत्पादन गर्ने र तिनको वजारिकण गर्ने ।
१७. समूहले तोके बमोजिमका कृषि विकास सम्बन्धी अन्य विविध कार्यहरू गर्ने ।

## परिच्छेद ३
## कृषक समूह गठन तथा समूह दर्ता

१८. **समूहमा कृषक संख्या :** खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरू वा एकै उद्देश्यका लागि कृषि वा पशुपन्छीपालन गरी आएका वा गर्ने १५ देखि २५ सम्मका कृषकहरू स्वःस्फूर्त रूपमा आफैं वा कार्यालयको प्राविधिक कर्मचारी वा वडाका जनप्रतिनिधीहरुको सहयोगबाट एक घरधुरीको एक जना मात्र सदस्य रहने गरी कृषक समूह गठन गर्न सक्ने छन् । तर कुनै विशेष प्रयोजनका लागि १५ जवान सदस्य पुऱ्याउन नसकिने अवस्थामा कम्तीमा ५ जवान कृषक मात्र भए पनि समूह गठन गर्न सकिनेछ । यसरी ५ जना जवानहरू मिलेर खोलिएको समूहको औचित्य पुष्टी गर्नुपर्नेछ ।

१९. **कार्यालयबाट सहजिकरण :** उन्नत कृषि प्रणाली अपनाउनका लागि समूह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरूबाट अनुरोध भएमा सम्बन्धित प्राविधिकले कृषक समूह गठन तथा परिचालन कार्यमा सहजिकरण गर्नेछन् ।

२०. **समूह दर्ताको लागि निबेदन दिनु पर्ने :** समूहबाट तयार गरिएको विधान समूहका सबै सदस्यहरूबाट पारित गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूचि १ बमोजिमको निबेदन दिनु पर्नेछ ।

२१. **समूहको आफ्नो विधान र छाप हुनु पर्ने :** समूहको विधानको साथमा समूह बैठकको निर्णय, समूह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनूसूचि २ बमोजिमको सदस्य कृषकहरूको विवरण संलग्न राख्नु पर्नेछ । समूहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्ने छन् । उक्त मस्यौदालाई आफ्नो भौगोलिकता र उद्देश्य

कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि -२०७७

अनुकूल परिमार्जन गर्न सकिने छ। समूहको आफ्नै छाप हुनुपर्ने छ।

२२. **सर्वसहमति र सहमति समूह निर्णयको आधार** : समूह गठन गर्दा समूहमा रहने विभिन्न पदाधिकारीहरू सर्ब सम्मतबाट चयन हुने छन् । कुनै किसिमले सर्वसम्मत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्वारा सदस्यहरूबाट पदाधिकारीहरू चयन गरिने छ । यसरी गरिने निर्वाचनमा समूहको अनुरोधमा नगरपालिकाबाट सहजिकरण हुनेछ।

२३. **समूह दर्तामा दस्तुर लाग्ने** : उपरोक्त बमोजिम दर्ता हुन आएको निबेदन उपर कार्यालयले प्राप्त निबेदन उपर आवश्यक प्रक्रिया पुरा गरी समूह दर्ता गर्नु पर्नेछ । समूह दर्ता गर्दा नगरसभाले तोके वमोजिम शुल्क लिई, समूह दर्ता प्रमाणपत्र प्रदान गरिनेछ।

२४. **समूह दर्ता प्रमाण पत्र** : कार्यालयको निर्णय अनुसार दर्ता गरिने समूहलाई समूह दर्ता प्रमाण पत्र दिइने छ । समूह दर्ता प्रमाण पत्र प्राप्त गरे पछि कार्यालयमा सो को अभिलेखीकरण भएको मानिनेछ । समूह दर्ता भए पछि यस्ता समूहहरू नगरपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपन्छी विकास कार्यक्रममा सहकार्य तथा सभागिता हुन पाउने छन् ।

२५. **नवीकरण :** समूह दर्ता गरेको मितिले २ वर्ष पुगेपछि ३५ दिनभित्र नियमानुसार समूह नविकरण गुर्नपर्नेछ। नविकरण शुल्क नगर सभाले तोके अनुसार हुनेछ।

२६. **जरिवाना** : समूह नविकरण गर्नुपर्ने मितिले १ वर्ष भित्र नियम अनुसार समूह नविकरण नगरेमा कार्यालयले निर्णय गरी समूह खारेजका गर्न सक्नेछ । यसरी ३५ दिनपछि ६ महिनाभित्र नविकरण गरेमा रु. ३००।- र ६ महिना देखि १ वर्षसम्म समूह नविकरण गर्दा रू. ५००।- जरिवाना दस्तुर लाग्नेछ।

२७. **नविकरण गर्दा आवाश्यक कागजातहरू** : समूह नविकरण गर्दा वार्षिक साधारणसभाको र अधिवेशनको निर्णय प्रतिलिपी, वडा कार्यालयको सिफारिस, स्थायी लेखा नम्वर, सदस्य थपघट भएमा सदस्यहरूको नागरिकता प्रमाण पत्र र लालपुर्जाको प्रतिलिपी, कार्यसमितिका पदाधिकारीहरूको नागरिकता प्रमाण पत्रको प्रतिलिपी, समूहको प्रगति प्रतिवेदन, निर्णय प्रतिलिपी, समूहको निवेदन र कृषि तथा पशुपन्छी शाखाले निर्दिष्ट गरेको फाराम भरी अनिवार्य पेश गर्नुपर्नेछ।

२८. समूह नविकरण गर्दा समूह सदस्यहरूले उद्देश्य वमोजिमको कार्य अनिवार्य गरेको हुनुपर्नेछ। अन्यथा समूह नविकरण गर्न कार्यालय बाध्य हुने छैन।

## परिच्छेद ४
## कृषक समूह परिचालन

२९. **मासिक बैठक बस्नु पर्ने** : समूह गठन पश्चात कृषकहरू आफ्ना कृषि कार्यहरूका बारेमा छलफल गर्न नियमित रूपमा महिनामा एक पटक समूह बैठक अनिवार्य रूपमा बस्नु पर्नेछ। समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समूहको बैठक बस्न सक्नेछ।

३०. **समूह बचत र परिचालन** : बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरूले मासिक बचत जम्मा गर्नुपर्नेछ । समूह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको

ब्याजदरमा सदस्यहरूले ऋण लिन पाउने छन ।

३१. **समूहको बैक खाता सञ्चालन** : नेपाल सरकारबाट मान्यता प्राप्त बैकमा समूहको खाता खोलिने छ, जसमा कोषाध्यक्ष अनिवार्य रहने गरी समूहको निर्णय अनुसार कार्यसमितिको पदाधिकारीहरूबाट कम्तीमा १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

३२. **बाली पात्रो/कार्ययोजना तयार गर्ने** : समूहमा सदस्यहरूले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/बार्षिक) कार्ययोजना तयार गर्नेछन् । तयार भएको कार्य योजना अनुसार समूह सदस्यहरूले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्य योजनाहरू अवलम्बन गर्ने छन् ।

३३. **समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्ने** : समूहमा आइपर्ने प्राविधिक समस्याहरू सम्बन्धित प्राविधिकको सहयोगमा समाधान गर्नु पर्नेछ । समूहमा आइपर्ने अन्य समस्याहरू समूहको निर्णय अनुसार समाधान गरिनु पर्नेछ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ ।

३४. **समूहको रेकर्ड** : समूहको एक फायल कृषि विकास/पशुपन्छी सेवा शाखामा रहने छ जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरूमा सहभागी भएको रेकर्डहरू, समूहको बैंक खाताको स्टेटमेन्ट आदि रहने छन् । समूहले पनि आफ्ना क्रियाकलापहरूको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

३५. **खर्चको विवरण राख्नु पर्ने** : समूहका प्रत्येक सदस्यहरूले आफूले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भन्डारण, ढुवानी, बजारीकरण लगायत सबै कार्यहरूको लागत खर्च र विक्रीबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि नगरपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

३६. **प्रगति प्रतिबेदन र समीक्षा** : समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरूको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरू, परिआएका समस्याहरू, समस्या समाधानका लागि गरिएका प्रयासहरू र सो को प्रतिफल, पशुपन्छी तथा बालीनालीको अवस्था, भएको खर्च र बिक्री गरी भएको आम्दानी आदि कार्यहरूको चौमासिक समीक्षा गर्नु पर्ने छ ।

३७. **समूहमा मेलमिलाप हुनुपर्ने** : समूहका सदस्यहरूले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समूहका बैठकहरूमा समूहका सदस्यहरूको निजी बैयक्तिक विषयहरू उपर छलफल गर्दा उपयूक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरू उपर समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्ने छन् ।

३८. **व्यवसाय दर्ता गर्नु पर्ने** : कृषि कार्यलाई व्यवसायमूलक रूपान्तरणका लागि समूह गठन गरिने भएकोले समूहका सदस्यहरू मिलेर समूहगत रूपमा सञ्चालन गर्ने कृषि ब्यवसाय नगरपालिकामा दर्ता गर्नु पर्नेछ । समूह सदस्यले आफुले सञ्चालन गरेको व्यावसाय नियमानुसार व्यक्तिगत रूपमा दर्ता गर्न सक्नेछन् ।

३९. **कृषि उत्पादन सामग्री तथा कृषि उपज सामग्रीहरूको बजार ब्यवस्थापन** : कृषक समूह, सदस्य र अन्य क्षेत्रबाट उत्पादित कृषिजन्य सामाग्री व्यवस्थापन, बजारिकरण तथा प्रशोधन गरी

विक्रि वितरण गर्न सक्नेछन् ।

४०. **नगरपालिकाको कार्यक्रममा सरीक हुनु पर्ने** : कृषक समूहले नगरपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरूलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ ।

४१. **अन्तर समूह समन्वय समिति** : विभिन्न समूहबाट प्रतिनिधित्व गरी वडा स्तरिय र नगर स्तरिय कृषक सञ्जाल गठन गर्न सक्नेछन् ।

४२. **कृषि सहकारीमा परिणत हुने** : कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरूको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ । यस्तो अवस्थामा साविक कृषक समूहले गरेका सबै कार्यहरू सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

४३. **अन्यलाई पनि ज्ञान बुझाउनु पर्ने** : समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफूमा भएको ज्ञान सो सम्बन्धी अभिरूची राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ । समूहले कृषि प्राविधिक र अन्य कृषकहरूको वीचमा सहजिकरणको कार्य पनि गर्न सक्ने छन ।

४४. **समूहमा अन्य सामाजिक विषयहरूको सन्दर्भ** : सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरू नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरूमा पनि अभिरूची लिनेछन् र समूह निर्णय अनुसार यस्तो कार्यमा अरूलाई सहयोग समेत गर्नेछन् ।

४५. **टोल विकास संस्थाले कृषक समूह परिचालन गर्न सक्ने** : नगरपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरू नगरपालिकाबाट तोकिए बमोजिम समूह दर्ता गरी कृषक समूहका रूपमा पनि कार्य गर्न सक्नेछन । तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजिकरणमा रहने गरी २५/२५ जवानको समूह गठन हुन सक्नेछ ।

४६. **समूह गठन गरी कार्यक्रमहरू सञ्चालन गर्न सकिने** : नगरपालिकाबाट सञ्चालन हुने कृषि विकास तथा पशुपन्छी सम्बन्धी कार्यक्रमहरूको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरू, कृषिमा आधारित गैरसहकारी संस्थाहरू, क्रियाशील सहकारी संस्थाहरूले कृषि तथा पशुपन्छी विकाससँग सम्बन्धी समूह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समूहलाई यस निर्देशिका प्रयोजनका लागि यसै निर्देशिका बमोजिम गठित समूह मानिनेछ ।

## परिच्छेद -५
## कृषक समूहको नियमन र पारदर्शिता

४७. **बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई** : समूहले वार्षिक रूपमा नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति सम्बन्धित कृषि विकास शाखा / पशु सेवा शाखामा समेत उपलब्ध गराउनु पर्नेछ । त्यस्तै बर्षको एक पटक सार्बजनिक सुनुवाई पनि सञ्चालन गर्नु पनेछ ।

४८. **वार्षिक साधारण सभा** : समूह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्ष बर्षमा

समूहले साधारण सभाको आयोजना गर्नु पर्ने छ । साधारण सभामा बार्षिक कार्यक्रमहरूको प्रगति समीक्षा,बार्षिक आयब्ययको विवरण, आउदो बर्षको कार्यक्रमहरूको तर्जुमा लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरू समेत पारित गर्नु पर्ने छ । यसको एक प्रति प्रतिबेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

४९. **अधिवेशन र विशेष अधिवेशन :** समूहको सर्वोच्च अङ्ग समूहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको व्यवस्था समेत गर्न सक्नेछ ।

५०. **अन्य संघ संस्थाहरूसँगको समन्वय :** समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरू सञ्चालन गर्न सक्नेछन ।

५१. **समूहको अनुगमन :** यस नगरपालिकाको अनुगमन ब्यवस्था बमोजिम नगरपालिकाबाट एवं नगरपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरूले कृषक समूहका कृयाकलाप एवं समूहका कागजातहरूको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन । प्राप्त पृष्ठपोषणहरू उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद- ६
## विविध

५२. **समूह गठनका लागि सदस्यहरूको योग्यता :** समूह गठन गर्दा तपसिल वमोजिम योग्यता भएको हुनुपर्नेछ :

क. साझा कार्य उद्देश्य लिएको हुनुपर्ने ।
ख. समान आर्थिक एवं सामाजिक स्तर भएका ।
ग. साक्षर एवं शिक्षित कृषकहरू भएका र शैक्षिक स्तरमा समानता भएका ।
घ. समूहगत कार्यमा समय दिन सक्ने ।
ङ. उत्पादन समूहको हकमा सकेसम्म सँगसँगै खेत भएका ।
च. एउटै समुदायमा बसोबास गर्ने ।
छ. एकाघरको एकजना भन्दा बढी सदस्य एउटै समुहमा सदस्यता लिन सक्ने छैनन् ।
ज. कुनै एक समूहमा आवद्ध भई सकेको सदस्य त्यस्तै प्रकतिको समूहमा आवद्ध हुन सक्ने छैन ।
झ. कृषि पेशालाई मुख्य पेशाको रूपमा अंगालेको हुनुपर्नेछ ।
ञ. नगरभित्र स्थायी वसोवास भएको हुनुपर्नेछ तर समूह गठनमा सोही समुदायमा कम्तीमा १० वर्ष जग्गा भाडामा लिई वा जग्गा रहको तर स्थायी बसोवास नभएको व्यक्ति पनि समूहको उद्देश्य अनुरूपको कार्यहरू सञ्चालन गर्न वडा कार्यालयले प्रमाणित गरेमा समूहको साधारण सदस्यमा रहन सक्नेछ ।

५३. **समूहको वर्गीकरण :** समूहको उद्धेश्य वमोजिम समूह बाली विशेष उत्पादन समूह, बजारीकरण समुह, प्रसार समूह पनि गठन सकिने छ । सामूहिक वाली तथा कृषि तथा पशुपन्छीको व्यावसाय प्रवर्द्धनका लागि सबै विषयगत क्षेत्रहरुलाई समेटेर पनि समूह दर्ता गर्न सकिने छ ।

५४. **अन्य निकायमा दर्ता हुन सक्ने :** यस कार्याविधि अनुसार दर्ता भएका समूहहरू अन्य निकायमा

समूहको निर्णय अनुसार दर्ता हुन सक्ने छन् ।

**५५. सामूहिक कार्य गर्न सक्ने :** यस कार्याविधि अनुसार दर्ता भएका समूह सदस्यहरूले समूहको निर्णयानुसार सामूहिक रूपमा उद्देश्य अनुसारको कार्य गर्न सक्नेछन् ।

**५६. समूह निष्कृयको अवस्था** : लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा, समूहले कृषि प्रसार कार्यमा अभिरूचि नराखेमा, अन्य विभिन्न कारणहरूले समूह निष्कृय भएको गुनासो प्रमाणित भएमा, नियमानुसार नविकरण नगरेमा समूह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यकमहरूको लागि उक्त समूहसँग साझेदारी गर्न सकिने छैन ।

**५७. समूह विघटन हुन सक्ने :** पटक पटक समूहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा, सरकारी जायजेथा वा रकम हिनामिना वा दूरूपयोग गरेमा, समूह निष्कृय भएमा, समूहको निर्णय अनुसार समूह विघटन गरिएमा, प्रचलित नियम विपरीतका कार्यहरू गरेमा छानविन गरी कसुर प्रमाणित भएमा समूह विघटन कार्यालयको निर्णयानुसार गरिनेछ । तर समूहमा सदस्यहरूबाट जम्मा भएको बचत रकम समूहको अभिलेखको आधारमा साँवा ब्याज वितरण गरिने छ ।

**५८. संशोधन :** आवश्यकता र औचित्यताको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार यो कार्यविधि संशोधन गर्न सकिने छ ।

**५९. खारेजी :** यस कार्यविधिमा उल्लेखित कुराहरू प्रचलित कानून बमोजिम बाँझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छन ।

कृषक समूह सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७

**अनुसूचि : १**

**(कार्यविधिको बुदा नं. ३ (४) बमोजिम समूह गठनका लागि कार्यालयमा दिइने निबेदन)**

मिति : २०७......./......./.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,

रामग्राम नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)।

विषय : समूह दर्ता गरी पाउँ।

समूह गठन गरी सामुहिक प्रक्रियाद्वारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठीत भई समूह गठन गरेका छौ । समूह गठन र परिचालन बारेमा रामग्राम नगरपालिकाको नियमावली/मार्गदर्शन/कार्यविधि र प्रचलित कानून अनुसार कार्य गर्ने छौ। समूह दर्ता गरी पाउँ।

**संलग्न कागजातहरू:**

१. समूहको पहिलो बैठकको निर्णय प्रतिलिपि पाना-
२. समूहको विधान पाना-
३. अनुसूचि २ अनुसारको समूह सदस्यहरूको विवरण पाना-
४. अन्य केही भए सो को विवरण:

निवेदक :
समूहको नाम :
ठेगाना :
समूह अध्यक्षको नाम :
सम्पर्क फोन नं.:
समूहको छाप :
मिति:

कृषक समूह सञ्चालन तथा व्यवस्थापन कार्यविधी -२०७७

अनुसूची - २

## समूहका सदस्यहरुको विवरण

| क्र.स. | कृषकको नाम थर | वावु/आमाको नाम | पती /पत्नीको नामथर | ठेगाना | सम्पर्क नं | हस्ताक्षर | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

कृषक समूह सञ्चालन तथा व्यवस्थापन कार्यविधी -२०७७

अनुसूची -३

प्रतिवद्धता पत्र

श्रीमान् शाखा प्रमुख ज्यू
रामग्राम नगरपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)

विषय : प्रतिवद्धता पत्र सम्बन्धमा ।

उपरोक्त विषयमा नवलपरासी जिल्ला रामग्राम नगरपालिका वडा नं. .....स्थित ............................टोलमा मिति ......................गठन गरिएको ....................... कृषक समूहमा एक घरधुरीको एक जनामात्र सदस्य रहेको तथा यस समुहमा आवद्ध भएका कृषक सदस्यहरुको परिवारका कुनैपनि सदस्यहरु सोही प्रकतिका कुनै पनि कृषक समूहमा आवद्ध नभएको तथा अगामी दिनमा पनि नहुने कुरा प्रतिवद्धता गर्दछु ।

निवेदक
हस्ताक्षर :
नाम :
पद :
ठेगाना :

**रामग्राम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**परासी नवलपरासी ब.सु.प.)**
**लुम्बिनी प्रदेश, नेपाल**

## कृषक समूह /समिति दर्ता प्रमाण पत्र

दर्ता नं.
आ.व.:

समूह ।स्थित गर्दै कृषि कार्यलाई टेवा पुऱ्याउने उद्धेश्यले यस नवलपरासी -ब.सु.प.) सजल्लाको रामग्राम नगरपालिका वडा नं. ....मा मिति ................मा गठित श्री ............................ कृषक समूह/समितिलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो **प्रमाण -पत्र** प्रदान गरिएको छ।

दर्ता मिति :

..................................... ...........................
कृषि विकास शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

## नविकरणको व्यहोरा

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | रसिद नं. र मिति | नविकरण गर्नेको दस्तखत र छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |

प्रमाणीकरण मिति: २०७८/०१/१२

आज्ञाले
राजेश पन्थी
प्रमुख प्रशासकीय अधिकृत